बर्षहरुको उपलब्धि तथा कमजोरीबाट पाठ सिक्दै,समृद्ध,शुखी एवं आत्मनिर्भर ब्याँस गाउँपालिका निमार्णको अभियानमा प्रस्तुत नीति तथा कार्यक्रम कोशढुङ्गा सावित हुनेछ भन्ने विश्वास लिएको छुँ ।

भौगोलिक कठिनाई,चेतनाको अभाव,गरिवी,बेरोजगारी र वेकारी जस्ता समस्याहरु अझै विस्थापित हुन नसकेको यस गाउँपालिकालाई शिक्षित नैतिकवान,सुसंकृत र समृद्ध बनाउनु चुनौतिपुर्ण छ । तै पनि जडिबुटी प्रशोधन केन्द्र स्थापना,फलफुल तथा तरकारी खेती ,पर्या–पर्यटन विकास,सामाजिक तथा सांस्कृतिक विकास दार्चुलाको ब्यासमा मात्रै बसोवास गर्ने सौका समुदायको परम्परागत संस्कृति,समग्र ब्याँसको कला संस्कृतिको संरक्षण,परम्परागत कृषि,पशुपालनलाई आधुनिक विधि र प्रविधि संग जोडी उद्यम सिर्जना,ब्यास १ मा हुने चौरी गाईको दुधबाट विभिन्न चीज उत्पादन गर्न उद्योग विकास,ब्याँसको पहिचान बोकेको ब्याँसी ऊनबाट उत्पादन हुने गलैंचाको उद्योग तथा स्थानीय स्तरमा उत्पादन हुने हस्तकलाका सामग्रीको बजारीकरण गरि आर्थिक बृद्धिको शिखर छुने प्रर्याप्त सम्भावना रहेको छ ।

**उपस्थित गाउँसभाका सदस्य ज्युहरु**

**अब म चालू आ.व २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट को उपलब्धि प्रस्तुत गर्न चाहन्छुँ ।**

- ब्याँस गाउँपालिकाको प्रशासकीय भवन निमार्ण कार्य तीब्र गतिमा संचालनमा रहेको छ । पहिलो तलाको छत ढलान भई सकेको छ ।
- पुर्वाधार विकास गरी विद्यालयको शैक्षिक गुणस्तर उकास्न ब्याँस गाउँपालिका वडा नं. ४ मा रहेको सम्पाल मा.वि सुन्सेराको विद्यालय भवन निमार्ण कार्य सुरु भईसकेको छ ।
- सडकको पहुँच भन्दा टाढा रहेका गाउँ बस्तीलाई सडक सञ्जालसंग जोड्न ब्याँस गाउँपालिकाको वडा नं ६ को घोरेठा बजार देखि हुती,खातीगाउँ बाननी जोड्ने र घोरेटा बजार देखि हिमालय मा.वि हुती हुदै मालिकार्जुन मन्दिर सम्मको सडक निमार्ण भएको छ ।
- वडा नं.५ को तिग्रम,चुकपानी हुदै नेपाल भारत जोड्ने झोलुङ्गे पुल सम्मको सडक निमार्ण भएको छ ।
- वडा नं.५ को दर्वा खोला हुदैं चन्दाकोट सम्म जोड्ने सडक निमार्ण भएको छ ।
- वडा नं.४ को कोरकट्या देखि पत्थरकोट जोड्ने सडक निमार्ण भएको छ ।
- वडा नं. ४ को गल्था देखि मडगाउँ जोड्ने सडक निमार्ण भएको छ ।
- वडा नं.३ को गोईला देखि सिना तातोपानी जोड्ने सडक निमार्ण प्रक्रिया अगाडि बढेको छ ।
- ब्याँस बासी जनताको बहुप्रतिक्षित सडक,कालापानी क्षेत्र,कैलाश मानशरोवर जाने छोटो मार्गका रुपमा रहेको श्रिबगड देखि रामबगड,कालागाड,तुसराडि हुदै गाउँपालिका केन्द्र जोड्ने सडक निमार्ण कार्य अगाडि बढाउन संघ,प्रदेश र स्थानीय सरकार बिच त्रिपक्षिय समझदारी पत्रमा हस्ताक्षर कार्य सम्पन्न भएको छ ।
- धुवा मुक्त ब्याँस कार्यक्रम अन्तरगत हाल सम्म वडा नं.३,४,५,६ मा ग्यास सिलिण्डर वितरण गरेका छौ ।
- खर मुक्त ब्याँस अन्तरगत ब्याँसका खर छाप्रो भएका घर धरीलाई जस्तापाता वितरण गरेका छौ

- हिलो मुक्त ब्याँस गाउँपालिका कार्यक्रम अन्तरगत हाल सम्म १७१७८(सत्र हजार एक सय अठहत्तर) मिटर गोरेठो बाटो र १२०८(एक हजार दुई सय आठ मिटर) मिटर pcc बाटो निमार्ण भएको छ ।
- गाउँपालिकाका विभिन्न वडाहरुमा १० वटा सामुदादिक भवनहरु निमार्ण गरिएका छन् ।
- शिशु कक्षाका विद्यार्थीको वसाई व्यवस्थित गरि सिकाईको स्तर उकास्ने उदेश्यले गाउँपालिका भरिका २० वटा विद्यालयमा पी–फर्म,कार्पेट,गोलो टेवल वितरण गरिएको छ ।
- ब्याँस गाउँपालिकाको एक मात्र उच्च शैक्षिक संस्था अपि नाम्पा क्याम्पसको भवन निमार्ण कार्य सम्पन्न भएको छ ।
- जनताले आफ्नो घर नजिक गुणस्तरीय स्वास्थ्य सेवा सहज ढंगले पाऊन सकून भन्ने उदेश्यले स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका गाउँपालिका भरिका विभिन्न गाउँवस्तीमा वडा नं.२ को दुम्लिङमा वडा नं.३ सिनामा,वडा नं.४ डोकटमा सामुदायीक स्वास्थ्य ईकाइ केन्द्र,वडा नं.५ धौलाकोट स्याकुमा वर्थिङ सेन्टर,वडा नं.६ को खातीगाउँमा ग्रामिण स्वास्थ्य ईकाइ केन्द्र स्थापना गरिएका छन् ।
- बाल मृत्युदर शुन्य बनाई आमा र बच्चाको स्वस्थ्य जिवन सुरक्षा गर्न ६ वटा प्रसूति गृह स्थापना गरिएको छ ।
- गर्भवति महिला र गर्भमा रहेको शिशुको स्वास्थ्य परिक्षण गरी महिलाले स्वस्थ,सुरक्षित बच्चा जन्माउन सकुन भन्ने उदेश्यले ग्रामीण क्षेत्रमाअल्ट्रासाउण्ड कार्यक्रम निरन्तर रुपमा संचालन गरिएको छ ।
- ब्याँस गाउँपालिका भित्र जन्मे देखि १५ महिना भित्रका बालबालिका हरुले पाउनु पर्ने खोपहरु पाएको सुनिश्चित गरि पुर्णखोप युक्त गाउँपालिका घोषणा गरिएको छ ।
- जनताको जिवन रक्षा हाम्रो दायित्व सम्झेर हाल सम्म ९ जना मुटु रोगि,११ जना क्यान्सर रोगि र ३ जना मृगौला रोगि लगायत जम्मा २४ जना लाई उपचारको लागि आर्थिक सहायता उपलब्ध गराईएको छ ।
- विद्यालयमा विद्यार्थी बसाई व्यवस्थापन गरी विद्यार्थीको सिकाई स्तर माथी उकास्न आ.व २०७७/०७८ सम्म गाउँपालिका भरि जम्मा १० वटा पक्की विद्यालय, ६ वटा शौचालय निमार्ण गरिएका छन् ।
- शिक्षक हरुको क्षमता विकासका लागी सबै तहका शिक्षकहरुलाई मागमा आधारित तालिम सञ्चालन गरिएको छ ।
- ब्याँस गाउँपालिका भित्र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्य सम्पन्न गरिएको छ ।
- विद्यालयमा शिक्षक कर्मचारीको अभाव हुन नदिन गाउँपालिका बाट पारिश्रमिक पाउने गरी विभिन्न विद्यालयमा ४२ जना शिक्षक सहजकर्ता,कर्मचारी नियुक्ति गरिएको छ ।
- विद्यार्थीको सर्वाङगिण विकास गरी,प्रविधीमुलक ज्ञान सिकाउन गाउँपालिका भरिका सम्पुर्ण आधारभूत तह(६–८) संचालित विद्यालयमा एक एक जना कम्प्युटर शिक्षक र चार जना खेल

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई सुदृढिकरण गर्न सबै वडा कार्यालयम कम्प्युटर,प्रिन्टर,स्क्यानर, र **4G** डन्गोल वितरण गरिएको छ ।
- उज्यालो ब्याँस निमार्ण गर्ने अभियान अन्तरर्गत हाल सम्म वडा नं.४ का अधिकांश बस्ति सम्म विद्युत विस्तार भएको छ साथै बाकि ठाउँमा विद्युत विस्तार कार्य भैरहेको र गाउँपालिका भरी विभिन्न ठाउँमा ३० वटा सडक वत्ति जडान गरीएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिका अध्यक्ष युवा रोगार कार्यक्रम संग जोडेर चालु आ.व मा ३५० व्यक्तिहरुलाई प्रत्यक्ष रोजगारीमा संलग्न गराई गाउँपालिकाका विभिन्न सडकहरुमा सडक वाल निमार्ण गरिएको छ साथै १० किलो मिटर गोरेठो बाटो निमार्ण गरिएको छ ।
- ब्याँस गाउँपालिकाको उपहार,ब्याँस बासीलाई गुणस्तरीय संचार, अभियान अन्तर्गत वडा नं. को राप्लामा रहेको नमस्ते टावरमा र वडा नं. ६ हुतीको दाम्दाकोटमा रहेको नमस्ते टावरमा **4G** सेवा जडान गरिएको छ र सबै कम्पनीका मोबाईलमा **4G** सेवा चल्ने गरी **4G** सेवाको स्तरोन्नतिको लागि पहल गरिएको छ ।
- सिमा क्षेत्रका नागरिकलाई संचार सेवा उपलब्ध गराउन वडा नं.१ को छाडरुमा नमस्ते फोनको टावर निमार्ण गरिएको छ
- संचारको पहुँच भन्दा टाढा रहेका वस्तिमा संचार सेवा पुगाउन वडा नं.५ मा नमस्ते टावर निमार्णको लागि सर्भे भएको छ ।
- सहकारी क्षेत्रहरुको क्षमता अभिबृद्धि गर्न एवं वित्तीय सुशासन कायम गराई यस गाउँपालिका भरिका सहकारी संस्थाहलाई तालिम दिईएको छ ।
- कोरोना महामारीको संक्रमण न्युनीकरण गर्दै कोरोना संग जुध्न ब्याँस गाउँपालिकाको वडा नं. हुतीमा १० शैयाको अक्सिजन सहितको आईसोलेसन निमार्ण गरिएको छ ।
- कोरोना संक्रमण समुदाय स्तरमा फैलिन नदिन एवं संक्रमितहरुको मनोबल उच्च राख्न टोल टोलमा स्वास्थ्यकर्मी सहित जनप्रतिनिधि गई कोरोना संक्रमण परीक्षण गरिएको संक्रमितहरुलाई मनो–परामर्श दिईएको छ ।
- ब्याँसबासी जनताको स्वास्थ्य सुरक्षा हाम्रो दायित्व अभियान अन्तरर्गत हाल सम्म कोभिसिल्ड पहिलो डोज १४१०,कोभिडसिल्ड देस्रो डोज २३८,भेरोसेल पहिलो डोज ९८६ भेरोसेल दोस्रो डोज ३२४ व्यक्ति लाई कोरोना बिरुद्धको खोप लगाईएको छ र १८ वर्ष माथिका सम्पुर्ण नागरिकका लागि खोप माग गरिएको छ ।
- कृषि पेशा लाई मर्यादित व्यवस्थित तथा कृषकको कार्य बोझ कम गर्न आ.व २०७७/०७८ मा ३० जना कृषक र ५ वटा कृषि समुहलाई ७५ % अनुदानमा विभिन्न प्रकारका कृषि उपकरणहरु ( मिनि टिलर,कर्न सेलर,सिकेचर,दाते स्प्रेटंकी,कोदो चुट्ने मेसिन जस्ता सामग्रीहरु वितरण गरिएको छ ।
- कृषिको उत्पादन बढाई कृषकको आय स्तर बृद्धि गर्न वडा नं.२ देखि वडा नं.६ सम्मका ५ जना कृषकहरुलाई पोलि–हाउस वितरण र १०५ जना कृषक लाई वाली संरक्षण सेवा दिईएको

- बिना विषादि वीउँ भण्डारण गर्न गाउँपालिका भरिका ८० जना कृषकहरुलाई ९० प्रतिशत अनुदानमा सुपर ग्रीन ब्याँग वितरण गरिएको छ।
- ब्याँस गाउँपालिकालाई फलफुलमा आत्मनिर्भर बनाउन वडा नं.६ को २ वटा कृषि समुह मार्फत १० हेक्टर क्षेत्रफलमा टर्की बाट आयातित १७१३ ओखर विरुवा लगाई ओखर खेती सुरु गरिएको छ।
- ब्याँस गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउन वडा नं.३,४,५ को १३ वटा समुह मार्फत २० हेक्टर क्षेत्रफलमा आलु खेति सुरु गरिएको छ।
- किसान परिचयपत्र वितरण गर्ने कार्य वडा नं.५ र ६ मा संचालन भईरहेको छ।
- अमिलो जातका फलफुल विरुवा उत्पादनका लागि वडा नं. २ र ६ मा बहुउद्धेश्यीय नर्सरी स्थापना गरिएको छ।
- खाद्यान्न अभाव हुन नदिन वडा नं.१ को छाङरु वडा नं.२ को राप्लामा खाद्य विकी वितरण केन्द्र स्थापना गरिएको छ।
- ब्याँस बासी जनतालाई आयोडिन युक्त भानु नून सहज रुपमा उपलब्ध गराउन विकी वितरण गर्न डिपो स्थापना गरिएको छ।
- सिपमूलक तालिम दिई महिलाहरु लाई उद्यमी बनाउन लघु उद्यम कार्यक्रम अन्तर्गत गाउँपालिका भरिका महिलाहरुलाई तालिम दिईएको छ।
- महिलाहरुलाई आत्मनिर्भर बनाई महिलाको जीवन स्तर माथि उठाउन ब्याँस गाउँपालिकाको आर्थिक सहयोगमा ब्याँसी सौका समाज मार्फत राप्ला र ब्याँसका महिलाहरु लाई नम्कीन तालिम दिईएको छ।
- पशु स्वास्थ्य लाई थप प्रभावकारी बनाउन पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत वडा नं.२,४ र ५ बाट औषधि सहितको प्राविधिक सेवा उपलब्ध गराई ८११०(आठ हजार एक सय दश) वटा पशुपन्छीको निशुल्क उपचार तथा औषधि वितरण गरिएको छ।
- प्राविधिक पहुँच नभएका वडाहरुमा कृषकलाई घर दैलो मै पशु स्वास्थ्य सेवा दिने उदेश्यले यस गाउँपालिकाको वडा नं.१,३,४ मा एक दिने पशु स्वास्थ्य तथा रेविज नियन्त्रण शिविर संचालन गरि ११७४(एक हजार एक सय चौहत्तर) वटा पशुपन्छिको उपचार तथा २७०(दुई सय सत्तरी) कुकुरलाई रेबिज बिरुद्धको खोप लगाइएको छ।
- गाउँपालिका नजिक सहज रुपमा अण्डाको उपलब्धताको लागि वडा नं. ४ र ६ मा तीन वटा कुखुरा फर्म सुधार कार्य अगाडि बढाईएको छ।
- वडा नं. ३ सिनालाई भेडा पकेट क्षेत्रको रुपमा स्थापना गर्दै सिनामा भेडाको ऊन उत्पादनमा बृद्धि गर्न चार वटा भेडा पालन समूह मार्फत ऊन विकासको लागि भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्य अगाडि बढाईएको छ।
- ब्याँस गाउँपालिकामा भेडा पालनबाट कृषकको जीवन स्तर माथि उठाउन विभिन्न समूह मार्फत भेडा प्रवर्द्धन एवं भेडाको ऊन उत्पादनमा व्यवसायीकरण एवं यान्त्रिकरण ल्याउन कृषकहरुलाई विभिन्न औजार उपकरण वितरण गरिएको छ।

- संघ,प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा चौरी संरक्षण एवं चौरीको संख्या बृद्धि गर्नको लागि चौरी प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याईएको छ । जस अन्तरर्गत वडा नं.१ र २ का ३ वटा समूह मार्फत तीनवटा याक र नौ वटा नाक वितरण कार्य भएको छ ।
- जनतालाई छिटो छरितो आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन नेपाल भारत मैत्री संघ बाट एम्बुलेन्स प्राप्त भई सञ्चालनमा रहेको छ ।
- चालु आ.व २०७७/७८ मा गाउँपालिका भरीका प्राकृति विपत बाढी पहिरो पिडित ३१२ परिवार लाई खाद्यान्न,१५ परिवार लाई नगद राहत दिईएको छ र ६ परिवारको घर निर्माण गर्न पहल गरिएको छ ।

**यस सम्मानित गाउँ सभामा उपस्थित गाउँ सभाका सदस्य ज्यूहरु**

**अब म अगामी आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आर्थिक विकास तर्फ

- मेरो पुर्वाधार विकासका लागि मेरो श्रम कार्यक्रम सञ्चालन गरि कोरोना महामारीका कारण रोजगारी गुमाएर देश विदेश बाट घर फर्किएका युवाहरुको सीप,क्षमता,योग्यता अनुसारको रोजगारीको अवसर सिर्जना गरिने छ ।
- युवा लाई उद्यमी बनाई रोजगारीका अवसर सिर्जना गर्न बाँस र निगालो को संरक्षण गर्दै बाँस र निगालोबाट उत्पादन हुने विभिन्न समान निमार्ण गर्न युवाहरुलाई तालिम प्रदान गरिनेछ ।
- प्रविधिको उच्चतम प्रयोग गर्दै कागज मुक्त कार्यालयको अवधारणालाई सार्थक बनाईने छ ।
- वित्तीय अनुशासन कायम गर्न,सार्वजनिक स्रोत साधनको प्रभावकारी एवं कुशल परिचालन गर्न सुचना प्रणालीलाई व्यवस्थित गरिने छ ।
- गरिबी निवारण कोषबाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्तिकोष को संरक्षण र परिचालन गरी आय आर्जन,उत्पादन अभिबृद्धि र स्वरोजगार सिर्जना गर्न सामुदायीक संस्थाहरुलाई सहकारी संस्थामा विकास गरिने छ ।

- सामरिक महत्व बोकेको यस ब्याँस गाउँपालिकालाई विशेष क्षेत्र घोषणा गर्न र विशेष प्याकेजका योजना तथा कार्यक्रम लागु गर्न संघीय र प्रदेश सरकार संग विशेष पहल गरिने छ ।
- नेपाल भारत जोड्ने ब्याँस १ मा रहेको सीतापुललाई झोलुङ्गे पुल बनाउन र सीतापुलमा भन्सार कार्यालय स्थापना गर्न संघीय र प्रदेश सरकारसंग विशेष पहल गरिने छ ।
- ब्याँस ५ धौलाकोटमा रहेको नेपाल भारत जोड्ने तिग्रम झोलुङ्गे पुलमा पनि छोटी भन्सार कार्यालय थापना गर्न संघीय र प्रदेश सरकारसंग विशेष पहल गरिने छ ।
- वडा नं.६ बाननीमा निमार्ण गरिएको नेपाल भारत झोलुङ्गे पुल लाई सञ्चालनमा ल्याउन र वडा नं.४ को मडगाउँ र वडा नं.२ को मालमा निमार्ण भईरहेको झोलुङ्गे पुलको निर्माण कार्य तीब्र रुपमा सञ्चालन गर्न पहल गरिने छ ।
- सुदुरपश्चिम प्रदेशकै समृद्धिको सम्भावना बोकेको चीनसंग सिमाना जोडिएको ब्याँस १ मा रहेको तिंकर नाकालाई सञ्चालनमा ल्याई भन्सार कार्यालय स्थापना गर्न संघीय र प्रदेश सरकारसंग विशेष पहल गरिने छ ।
- जिल्ला प्रशासन कार्यालयको भवनमा बसिरहेको सीमा प्रशासन कार्यालयलाई बाह्रै महिना छाङरुमा बस्ने गरी सुविधा सम्पन्न भवन निमार्णको लागि संघीय र प्रदेश सरकारसंग विशेष पहल गरिने छ ।
- रोजगारीका अवसर सिर्जना गर्न ब्याँस गाउँपालिकामा जडिबुटी प्रसोधन केन्द्र स्थापनाका लागि विशेष पहल गरिने छ ।
- आ.व २०७७/७८ मा संचालन गरिएका आलु र ओखर पकेट क्षेत्रलाई निरन्तरता दिईनेछ र थप २ ठाउँमा आलु र ओखर पकेट क्षेत्र स्थापना गरिने छ ।
- किसान सुचीकरण तथा परिचयपत्र वितरण कार्य अन्य वडाहरुमा समेत लागु गरिने छ ।
- कृषि पेसामा युवालाई आकर्षित गर्न कृषि व्यवसाय गर्न चाहने तर आर्थिक अभावका कारण बेरोजगार बसेका युवा हरु लाई कृषि व्यवसाय गर्न सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन वित्तीय क्षेत्र संग समन्वय गरिनेछ ।
- निरोगी पशुपन्छी पालन गरी स्वस्थ्य र गुणस्तरीय पशुपन्छी जन्य उत्पादनको लागि पशु स्वास्थ्य सेवा लाई पहिलो प्राथमिकतामा राख्दै पशुपन्छीहरुमा बेला बेला देखापर्ने विभिन्न रोग तथा परजीविको नियन्त्रणका लागि औषधि र खोप सेवा दिन किसानलाई निशुल्क पशु स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- कृषकहरुको घर दैलोमा नै पशु स्वास्थ्य सेवा दिनको लागि पशु स्वास्थ्य शिविर संचालन गरी निशुल्क औषधि उपचार गरिने छ ।

- ब्याँसको जैविक कृषि उत्पादन लाई राष्ट्रिय रुपमा पहिचान गराउन सुन्तला,ओखर,कोदो,जौ,राज्मा को ब्राण्ड सहित देशका मुख्य–मुख्य शहरहमा निर्यात गरिनेछ ।
- पशुपन्छीबाट मानिसमा सर्ने प्राण घातक रोग नियन्त्रणका लागि रेबिज रोग बिरुद्धको खोपलाई निशुल्क लगाईने छ ।
- पशुपालनमा व्यवसायीकरण आधुनिकीकरण गर्न स्वस्थ्य पशुपन्छी उत्पादन र पशुपन्छीको उत्पादन बृद्धि गर्न पशु आहार विकास कार्यक्रम र नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ ।
- पोषण सुधार तथा आय आर्जन बृद्धिका लागि ग्रामीण कुखुरा प्रर्वद्धन कार्यक्रम लागु गरिने छ ।
- बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम लाई निरन्तरता दिईने छ ।
- चौरीको दुध मिसन कार्यक्रम अन्तरर्गत चौरी प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- एक गाउँ एक कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषकहरु द्धारा उत्पादित कृषि उपजहरु खाद्यान्न दाल तरकारी, फलफूलको बजारीकरण गर्न हरेक वडाहरुको सदरमुकाम नजिकको स्थानीय बजारमा हाट वजार सञ्चालन गरिनेछ ।
- कृषकहरु लाई प्रोत्साहित गरी कृषि पेशालाई व्यवसायकिरण गर्न ब्याँस गाउँपालिका भरिका २ जना कृषि र पशुपालनमा व्यवसायकिरण गरी उत्कृष्टता हासिल गरेका कृषकहरुलाई बार्षिक रुपमा उत्कृष्ट कृषक पुरुस्कारद्धारा सम्मान गरिनेछ ।
- सिचाई नपुगेका वस्तीहरुमा सिचाई सुविधा पुगाउन सिचाई विस्तार कार्यक्रम लागु गरिने छ ।
- युवाको सीप विकास,बेरोजगारीको निकास कार्यक्रम सञ्चालनमा ल्याई युवा स्वरोजगार कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- रोजगारीका अवसर सिर्जना गर्न ब्याँस गाउँपालिको वडा नं.६ मा औद्योगिक ग्रामका स्थापना गर्नका लागि संघ र प्रदेश सरकार संग पहल गरिने छ ।

**सामाजिक विकास तर्फ**

- कोभिड महामारी तथा नियन्त्रणका लागि पूर्व तयारी स्वरुप कोभिड महामारी नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुका लागि आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्थापन,स्वास्थ्यकर्मी परिचालन तथा बालमैत्री स्वास्थ्य संस्था बनाईने छ ।

- ग्रामीण अल्ट्रासाण्ड कार्यक्रमका लागि थप एक जना स्वास्थ्यकर्मीलाई तालिमको व्यवस्था गरिनेछ ।
- वडा नं.६ हुतीमा १५ सैयाको अस्पताल निमार्णका लागि पहल गरिने छ ।
- कोभिड महामारीमा खटिएका महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहन गरिनेछ ।
- मानव जिवनको सर्वोत्तम सम्पति स्वास्थ्य भएकाले हरेकले स्वास्थ्य सेवा पाऊन सकुन भन्ने उदेश्यले स्वास्थ्य संस्थामा आवश्यक निशुल्क औषधि,स्वास्थ्य सामग्री तथा उपकरणको व्यवस्थापन गरिनेछ ।
- ल्याव सेवा थप विस्तार गरी गाउँपालिका भरिका अपाङ्गता तथा जेष्ठ नागरिक लक्षित स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- समृद्ध ब्याँस निमार्ण हाम्रो ईच्छा,,सर्वसुलभ,जीवनउपयोगी र गुणस्तरिय शिक्षा कार्यक्रम संचालनमा ल्याई सामुदायिक विद्यालयको भौतिक,शैक्षिक र प्राविधिक विकास गर्न जस्तापाता छाना मुक्त विद्यालय बनाई गुणस्तरिय शिक्षामा जोड दिईने छ ।
- गाउँपालिका अध्यक्ष अक्षय कोष संचालनमा ल्याई गरीब,जेहेन्दार  दलित अपाङ्गता भएका विद्यार्थीलाई छात्रबृतिको विशेष व्यवस्थापन गरिने छ ।
- स्वास्थ्यका लागि ताजा,घरको तयारी खाजा अभियान सञ्चालन गरी वालवालिकालाई बजारको तयारी खाजा खान प्रतिबन्ध लगाई घरमै तयार पारेको खाजा खुवाउने कार्यमा विद्यालय लाई अनिवार्य रुपमा अग्रसर गराईने छ ।
- प्रत्येक ३/३ महिनामा विद्यालयमा स्वास्थ्य शिविर संचालन गरी शिक्षक विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गरी परामर्श सेवा दिईने छ ।
- विद्यालयमा आकस्मिक आई पर्ने दैवीय विपत्ति,दुर्घटना र चोट पटकको तत्कालै प्राथमिक उपचार गराउन हरेक विद्यालयका एक जना शिक्षकलाई प्राथमिक उपचार सम्बन्धी तालिम दिई विद्यालय लाई प्राथमिक उपचार सामग्री सहित बाकस(first aid box)वितरण गरिने छ ।
- वालविकास र हरेक तहका शिक्षकहरुको पेशागत क्षमता विकासका लागि शिक्षकको मागमा आधारित तालिम संचालन गरिने छ ।
- जीवन उपयोगी व्यवहारिक ज्ञान हासिल हुने शिक्षा प्रदान गर्न गाउँपालिका भरिका माध्यमिक विद्यालयलाई प्राविधिक धारको  पठन पाठनको शुरुवात गर्न प्रोत्साहन गरिने छ ।
- विद्यालयको सर्वाङगीण विकास गरी शैक्षिक स्तर माथि उठाउन विज्ञ संग शिक्षक कार्यक्रम संचालन गरिने छ ।
- प्रधानाध्यापकको व्यवस्थापन तथा नेतृत्व क्षमता विकास गर्न नमूना विद्यालयको भ्रमण मार्फत सिकाई गरी कार्यान्वयन गराउन नमूना विद्यालय भ्रमण कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिका भरिका सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरु मध्ये उत्कृष्ट ५ जना छनौट गरि शिक्षकहरुलाई उचित पुरुस्कार प्रदान गरिने छ ।
- विद्यालय उमेरका सम्पूर्ण बालबालिका लाई खेलकुद प्रशिक्षण दिलाउन एक मा.वि एक खेल

- विद्यालय तहको कक्षा ११ र १२ एवं उच्च शिक्षामा विज्ञान विषय अध्ययन गर्ने छात्राहरुलाई प्रोत्सान स्वरुप छात्रवृति प्रदान गरिने छ ।
- विद्यार्थीमा सानै देखि समाजिक सहयोग,सदभाव र नैतिक चरित्रको विकास जस्ता मानवीय गुणको विकास गरी व्यक्तित्व विकास गर्न विद्यालयमा रेडकस,स्काउट,बाल क्लब गठन गरी विभिन्न कार्यकम गर्न प्रोत्साहित गरिने छ ।
- स्थानीय कला संस्कृति,रीति–रिवाज परम्परा धार्मिक एवं पर्यटकीय स्थलको पहिचान लगायतका विषयवस्तु समेटी तयार पारिएको स्थानीय परिवेश झल्किने आधारभूत तह (१–३) को निर्मित पाठ्यकममा आधारित भएर पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका तयार गरिनेछ ।
- प्राविधिक शिक्षामा विद्यार्थीको पहुँच वृद्धि गरी व्यवसायीक शिक्षा प्रदान गरी बेरोजगारी अन्त्य गर्न विद्यालयको स्तरोउन्नतिमा जोड दिने र वडा नं.४ मा बहुप्राविधिक शिक्षालय स्थापनाको लागि पहल गरिने छ ।
- ब्याँस गाउँपालिका उपाध्यक्षको उपहार,गर्भवती महिलाको आहार कार्यकम सञ्चालनमा ल्याई गर्भवती महिलाहरुलाई पोषणको प्याकेज वितरण गरिने छ ।
- ब्याँस गाउँपालिका अध्यक्ष जनताको साथी,ब्याँस मा स्वास्थ्य सबै भन्दा माथि कार्यकम संचालनमा ल्याई जनताको घर दैलोमा स्वास्थ्यकर्मी खटाई स्वास्थ्य परीक्षण कार्य सञ्चालनमा ल्याईने छ ।
- समाजको जिउँदो ईतिहासका रुपमा रहेका समाजका अग्रज व्यक्तित्वको सम्मान स्वरुप जेष्ठ नागरिकको स्वास्थ्य परिक्षण गरि पोषणयुक्त प्याकेज उपलब्ध गराउन शिविर सञ्चालन गरिने छ ।
- ब्याँस मा मात्रै बसोबास गर्ने सौका समुदायको भाषा,संस्किृतिको संरक्षण गर्न भाषा आयोग संग समन्वय,सहकार्य गरी आवश्यक कार्यकम संञ्चालन गरिने छ ।
- दलित समुदायको जिवन स्तर माथी उठाउन दलित समुदायको परम्परागत पेशा लाई आधुनिकिरण गरिने छ ।
- सभ्य,सुसस्कृत समाज निमार्ण गर्न समाजमा विद्यमान रहेका सामाजिक विकृति एवं विसंगति न्युनिकरण गर्न जनचेतनामूलक कार्यकम सञ्चालन गरिनेछ ।
- ब्याँस गाउँपालिका भित्रका दलित समुदायको जिवन स्तर उकास्न कार्याकम सञ्चालन गरिने छ ।
- फर्कौ जन्मभूमि ब्याँस,बनाउँ समृद्ध ब्याँस कार्यकम संञ्चालन गरी ब्याँस गाउँपालिका घर भई विभिन्न क्षेत्रमा काम गरिरहेका बौद्धिक समुदायलाई ब्याँस मै काम गर्ने वातावरण सिर्जना गरिनेछ ।
- बाल विवाह न्यूनीकरण गर्न किशोर–किशोरी तथा युवाहरुको क्षमता विकास गर्न विद्यालयमा आवश्यक,उपयुक्त र सर्वसुलभ शैक्षिक वातावरण निमार्ण गर्न जोड दिईने छ ।
- टुहुरा बालबालिकाको अभिभावक गाउँपालिका अध्यक्ष कार्यकम सञ्चालन गरी गाउँपालिका

- उच्च प्राविधिक शिक्षा(ईन्जिनियर,डाक्टर) अध्ययनरत ब्याँस का विद्यार्थीहरुलाई प्रोत्सानका लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई प्रोत्सान स्वरुप आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- समुदाय–प्रहरी साझेदारी कार्यक्रमलाई गाउँपालिका संगको साझेदारीमा अझ प्रभावकारी ढंगले संञ्चालन गरीने छ ।
- उपाध्यक्ष संग किशोरी कार्यक्रम संञ्चालन गरी किशोरी स्वास्थ्य सुरक्षा महिनावारी स्वच्छता का लागी प्रत्येक मा.वि हरुमा सेनिटरी प्याड वितरण गरिने छ ।
- खेल क्षेत्रको विकास गरि खेलाडिको प्रतिभा पहिचान गर्न,खेलाडी उत्पादन गर्न ब्याँस गाउँपालिकाको वडा नं.४ मा खेल मैदान निमार्ण गर्न पहल गरिने छ ।
- ब्याँस गाउँपालिका भित्र सञ्चालित प्रत्येक सामुदायिक विद्यालयमा अध्ययन गर्ने वालवालिकाहरुका लागि खेल सामाग्रीको आवश्यकता पुरा गर्न खेल सामग्री वितरण गरिनेछ ।
- गरिब,बिपन्न नागरिकहरु लाई सुपत मुल्यमा खाद्यान्न उपलब्ध गराउन रासन कार्ड वितरण गरि गाउँपालिका विभिन्न वडाहरुमा स्थापना गरिएका खाद्य डिपो,खाद्य विकी वितरण केन्द्र बाट सुपत मुल्यमा खाद्यान्न उपलब्ध गराईने छ ।
- बैंक संगको हाम्रो नाता,हरेकको बैंकमा खाता कार्यक्रम सञ्चालन गरी बैंक खाता मार्फत नै जेष्ठ नागरीकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन बैंक नभएका वडाहरुमा **BLB** घुम्ति बैंक स्थापना गरीने छ ।

## भौतिक पूर्वाधार विकास तर्फ

- खरमुक्त कार्यक्रमलाई अगामी आ.व २०७८/०७९ मा निरन्तरता दिई ब्याँस १ मा माटोको छाना मुक्त घर कार्यक्रम सञ्चालन गरिने छ ।
- हिलोमुक्त कार्यक्रमलाई अगामी आ.व २०७८/०७९ मा निरन्तरता दिईने छ र हालसम्म गाउँपालिकाका विभिन्न वडाहरुमा निर्माण गरिएका सडकहरुको स्तरोन्नति गरिने छ ।
- वडा कार्यालय भवन नभएका वडाहरु वडा नं २ राप्ला र ३ सिनाको वडा कार्यालय भवन निमार्ण गरिनेछ ।
- सडकको पहुँच भन्दा टाढा रहेको वस्ति वडा नं.२ राप्ला लाई सडक संजाल संग जोड्न दार्चुला तिंकर सडकको फतङगाढ देखी राप्ला जोड्ने सडक निमार्ण गरिनेछ ।
- ब्याँस गाउँपालिको उपहार,ब्याँस बासी लाई गुणस्तरीय संचार अभियान कार्यक्रम अन्तर्गत संचारको पहुँच नपुगेको वस्तिमा संचार सेवा पुगाउन वडा नं.५ मा नमस्ते टावर फोन संचालनमा ल्याईने छ र दाम्दाकोट र रिपुधारमा रहेको नमस्ते टावरको स्तरोन्नति गरिने छ ।

- विकास विश्वव्यापीकरण लाई आवद्ध गर्ने विकासको आधुनिक र अपरिहार्य शर्त संचार भएकाले कालापानी,लिपुलेक क्षेत्रमा बसोवास गर्ने नागरिक लाई सरकारको अनुभुति गराउन छाङरुमा रहेको नमस्ते फोनको टावर संचालनमा ल्याईने छ र तिङकर मा टावर निमार्णका लागि पहल गरिने छ ।
- गाउँपालिका अन्तरर्गत सञ्चालन हुने मझौला तथा ठुला आयोजनाहरु सञ्चालन गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोही अनुरुप परियोजना सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकार संग विशेष पहल गरिने छ ।
- अध्यारो मुक्त ब्याँस अभियान अन्तरर्गत विद्युत नपुगेका वस्तीमा विद्युत विस्तार गरिने छ र सिनामा रहेको लघु जलविद्युत मर्मत कार्य संचालन गर्न पहल गरिने छ ।
- उज्यालो ब्याँस अभियान अन्तरर्गत थप स्थानहरुमा सडक बत्ती जडान गरिने छ ।
- प्रयाप्त र गुणस्तरिय खानेपानी,नागरिकको स्वास्थ्य एवं सुखी जिन्दगानी भन्ने मुल उदेश्यका साथ आधारभुत खानेपानी तथा सरसफाई सेवाको पहुँचमा नभएका बस्तीमा(ब्याँस ६ हुती,खातीगाउँ,वडा नं.४ डोकट,वडा नं.२ राप्ला माल)लिफ्टिङ खानेपानी निमार्णका लागि पहल गरिने छ र एक घर एक धारा कार्यक्रम लागु गरिनेछ ।
- शिक्षा विकासको पुर्वाधार भएको र दक्ष,सक्षम,र सवल जनशक्तिको निमार्ण शिक्षा बाट नै सम्भव भएको हुदाँ ब्याँस गाउँपालिका भरिकै उच्च शैक्षिक संस्थाको रुपमा रहेको एकमात्र अपिनाम्पा क्याम्पसको स्तरोन्नति गरिने छ र अपिनाम्पामै परिक्षा केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदानमा आयोजना सञ्चालन गर्दा प्रत्यक्ष लाभ र जनताको आधारभुत आवश्यकता परिपुर्ति तर्फ ध्यान केन्द्रित गरिनेछ ।
- भारतको सडक विस्तार गर्ने क्रममा विस्फोटक पदार्थ पट्काउदा नेपाल तर्फको छाङरु तिंकर कालापानी क्षेत्र जाने गोरेटो बाटो भत्किएकाले उक्त बाटो मर्मत तथा पुन:निमार्ण गर्न र सिमा क्षेत्रमा भारतको ज्यादती रोक्न भारत संग कुटनैतिक वार्ता गर्न संघ र प्रदेश सरकार सित पहल गरिने छ ।
- छाङरु तिंकर जोड्ने गोरेटो बाटो निमार्ण गर्न आवश्यक सहजीकरण गरी तीब्र रुपमा निर्माणकार्य सञ्चालन गर्न पहल गरिने छ ।
- सम्पुर्ण विकासलाई भौतिक रुपमा आवद्ध र संञ्जालिकरण गर्ने विकासको महत्पुर्ण पुर्वाधार यातायात भएकाले दार्चुला तिंकर सडक खण्डलाई स्तरोन्नति गर्न सम्बन्धित निकायमा पहल गरी सुन्सेरा सम्म नियमित रुपमा जीप सञ्चालनमा ल्याईने छ ।
- पर्यटन प्रबर्द्धन गर्न ब्याँस गाउँपालिकाका विभिन्न धार्मिक तीर्थस्थल एवं पर्यटकीय क्षेत्रहरुमा पुग्ने पदमार्ग निमार्ण गरिने छ ।
- कैलाश मानसरोवर,कालापानी,लिपुलेक सम्म पुग्ने छोटो मार्ग निमार्ण गर्न श्रीबगड तातोपानी देखि रामबगड,कालागाड,तुसराडि हुदै गाउँपालिका केन्द्र जोड्ने सडक मार्ग निमार्ण कार्य सुचारु गर्न पहल गरिने छ ।

- भारतद्वारा अतिकमित नेपाली भूभाग कालापानी सम्म गोरेटो बाटो निमार्ण गर्न पहल गरिने छ ।
- स्वच्छ सफा गाउँपालिका बनाउन फोहरमैला व्यवस्थापन गर्न घना बस्ती सडक छेउछाऊ मा ढल निकासको व्यवस्थापन गरिनेछ ।

## संस्कृति प्रर्वद्धन तथा पर्यटन विकास तर्फ

- ब्याँसको गौरव एवं पहिचानका रुपमा रहेका साँस्कृतिक सम्पदाहरुको संरक्षण पुन निर्माण मर्मत कार्य गरिने छ ।
- सांस्कृतिक,धार्मिक,प्राकृतिक,व्यापारिक एवं समारिक महत्व बोकेको ब्याँस गाउँपालिकाको वडा नं.१ लाई पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटन प्रबर्द्धन गर्ने कार्यक्रम सञ्चालनमा ल्याईने छ ।
- अपिनाम्पा,नम्जुङ हिमालसंगै हेर्न,लालीगुरास,तातोपानीमा नुहाई आउला घुम्न जाउँ ब्याँस भन्ने नारा सहित ब्याँस गाउँपालिकाको पर्यटकीय धार्मिक क्षेत्र एवं कला संस्कृतिको संरक्षण गरी प्रचारप्रसार गर्न ब्याँस महोत्सव संचालन गरिने छ ।
- ब्याँसी सौका समुदायको कला संस्कृति भेषभुषा पहिरनको संरक्षण गर्न निमार्ण गरिएको रं संग्रहालय लाई संचालनमा ल्याई पर्यटन प्रबर्द्धनमा टेवा पुर्‍याईनेछ ।
- ब्याँस ५ धौलाकोटमा रहेको ऐतिहासिक धार्मिक महत्व बोकेको ताउँलो संरक्षणका लागि स्थापना गरिएको संग्रहालयलाई संचालनमा ल्याईने छ ।
- नौमुन्या,कैचूला,ब्रह्मलेक,सगचौरा,ब्रह्मदह सिद्धटोपी,रानीकोट्टा,नन्था झरना,शिवताल,दुधबन,जेठी बहुरानी हिमाल,अपिनाम्पा हिमाल आदी पर्यटकीय सम्भावना बोकेका ठाउँहरुलाई पर्यटकिय क्षेत्र घोषणा गरी पर्यटन प्रबर्द्धन गरिने छ ।
- ब्याँस ६ हुतीको ब्रम्ह मालिका मन्दिर,ब्याँस ५ को दुर्गा देवीको मन्दिर,ब्याँस ४ को सम्पाल,चिलघुले,ब्याँस ३ को सिद्ध मन्दिर लाई धार्मिक पर्यटकिय क्षेत्र बनाईने छ ।
- ब्याँस गाउँपालिका वडा नं.२ को **थि** मा अशोक स्तम्भ भएको जनविश्वास रहेकोले त्यसको खोज अनुसन्धान गर्न पुरातत्व विभागमा पहल गरिने छ ।
- कैलाश मानशरोवर प्रवेशद्धारका रुपमा रहेको ब्याँस गाउँपालिकामा पर्यटन प्रबर्द्धन लाई टेवा पुगाउन,होमस्टे निमार्ण गरिने छ ।
- ब्याँस ऋिषिले तपस्या गरेर हिन्दु धर्मका वेद,पुराण,उपनिसद रचेको ब्याँस गुफालाई उजागर गरी धार्मिक पर्यटक लाई प्रबर्द्धन गरिने छ ।

## वन,वातावरण तथा विपद व्यवस्थापन तर्फ

- गाउँपालिका भरिका सामुदायिक वनहरुको संरक्षण एवं संवर्द्धन,वृक्षारोपण कार्यक्रम संञ्चालन

- दैवीय प्रकोप,बाढी पहिरो भूक्षय,भूकम्प र महामारी जस्ता विपदबाट हुने क्षतिका आधारमा राहत उपलब्ध गराउन गाउँपालिका द्वारा विपद व्यवस्थापन कोष संञ्चालन गरिनेछ ।
- पहिरोको उच्च जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न र पहिरो व्यवस्थापन गर्न पहल गरिनेछ ।
- विनास विनाको विकास निमार्णका कार्य गर्न वन जंगल फडानी,डढेलो चोरी निकासी जस्ता कार्यलाई नियन्त्रण गरिनेछ ।
- वर्षा याममा हुने बाढी पहिरोको कारण धनजनको क्षति हुन नदिन सुरक्षा निकाय सँग सहकार्य गरी उद्धारका सामग्री सहित विपद व्यवस्थापन टोली खटाईने छ ।
- दिगो विकासको अवधारणा अनुरुप विकास निर्माणका कार्य सञ्चालन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन कार्य प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- विश्वव्यापी जलवायु परिवर्तनका कारण हिमाली पारिस्थिति प्रणालीमा देखापरिरहेको नकरात्मक असर प्रति चासो दिई वातावरणीय प्रदुषण वनविनास,वन्यजन्तु चोरी शिकारी भिरालो जमिनमा खेती लगायतका कार्यहरु रोकी जलवायु अनुकुल नीति अवलम्वन गरिनेछ ।

## संस्थागत विकास,सेवा प्रवाह,वित्तीय व्यवस्थापन,सुशासन र पारदर्शिता तर्फ

- गाउँपालिका बाट प्रवाह गरिने सेवा लाई चुस्त दुरुस्त,पारदर्शी बनाई सेवाग्राईको काम छिटो–छरितो र व्यवस्थित ढंगले गर्न,भुक्तानी गर्न सम्झौता गर्न,पेश्की माग जस्ता काममा आवश्यक कागज प्रकिया मिलाउन सहजीकरण गर्ने उदेश्यले गाउँपालिकामा सेवाग्राही सहायता कक्ष स्थापना गरिने छ ।
- नाभि,गुन्जि,कुटी सहितको भुभाग समेटर ब्याँस गाउँपालिकाको छुट्टै नक्सा भएको जनप्रतिनिधी लोगो निर्माण गरिने छ ।
- अगामी आ.व मा सञ्चालन गरिने आयोजनाहरुको गुणस्तर र दिगो विकास कायम गर्न वडा तथा पालिका स्तरीय अनुगमन तथा मूल्याङकन समितिलाई थप जिम्मेवारी सहित कियासिल गराईने छ ।
- प्रविधिमैत्री गाउँपालिका बनाउन दर्ता चलानी दाखिला जस्ता कार्यालयमा गरिने आधारभूत काम अनलाईन मार्फत गरिनेछ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा चुस्तता ल्याउन अन्तर स्थानीय तह अध्ययन भ्रमण तथा विभिन्न सेवा सित सम्बन्धित क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पुर्ण सरकारी एवं गैर सरकारी संघ संस्थाहरुको संस्थागत विकास हुने कार्यकम संचालन गरिनेछन् ।
- गाउँपालिका बाट र मातहतका कार्यालय बाट संञ्चालन गरिने काम कारवाहीको जवाफदेहिता,पारदर्शिता,सुशासन कायम गर्न सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण गरिनेछ ।

- गाउँपालिकाको न्यायिक समितिको काम कारवाही प्रभावकारी बनाउन न्यायिक समितिको क्षमता अभिवृद्धि तालिम संचालन,वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
- कार्यालयको अभिलेख व्यवस्थापनका लागि सम्पुर्ण शाखागत कार्यको एकद्वार प्रणली द्वारा कार्य सम्पादन हेर्न सकिने ब्राउजर निमार्ण गरी तथ्यांकहरुको सरल उपलब्धता हुने गरी व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका बाट सम्पादन हुने लेखा सम्बन्धि कार्यलाई व्यवस्थित गर्दै गाउँपालिकाको आय व्ययको दैनिक रुपमा अभिलेख राख्न day close प्रणालि लागु गरिने छ ।
- संघ सरकारले राष्ट्रसेवक कर्मचारीका लागि आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले निर्धारण गरेको १० दिने पर्यटन भ्रमण काज सुविधा प्रदान गरिनेछ ।
- कर्मचारीहरुलाई प्रविधिको ज्ञान तथा सिप आर्जन गराउन नयाँ प्रविधि सम्बन्धी ७ दिने तालिम प्रदान गरिनेछ ।

**उपस्थित**

**गाउँ सभाका सदस्य ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था अंगालेको हाम्रो देशमा अहिले तीन तहका सरकार रहेका छन् । संविधानले सबै तहका सरकार लाई अधिकार प्रदान गरेको छ । जनताको नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकार ब्याँस गाउँपालिकाले संविधानले दिएका अधिकारको कुशल कार्यान्वयनको अभ्यास मार्फत जनताका आधारभूत आवश्यकता,ईच्छा,आकांक्षा पुरा गरी समृद्ध ब्याँस गाउँपालिका निमार्ण गर्न हाम्रा माझ थुप्रै चुनौतिहरु रहेका छन् । समाजमा विद्यमान रहेका कुरुति कुसंस्कृति अशिक्षा जस्ता चुनौती संगै विश्व महामारीका रुपमा रहेको कोरोना भाईरस संगको लडाई जित्नु पर्ने चुनौतीपुर्ण घडीमा ब्याँस गाउँपालिकालाई उत्कृष्ट,लोकप्रिय गाउँपालिका को रुपमा स्थापित गर्न यस गाउँपालिकाका राजनीतिक दलहरु कर्मचारी,संञ्चारकर्मी शिक्षक ब्यापारी लगायत सम्पूर्ण जनसमुदायबाट निरन्तर रुपमा साथ सहयोग सुझाव सल्लाह प्राप्त हुदै आईरहेकोमा सम्पुर्ण महानुभावहरुमा मा हार्दिक आभार व्यक्त गर्दै अगामी दिनहरुमा पनि समृद्ध ब्याँस,सुखी ब्यासी निमार्ण गर्नमा सम्पुर्णको साथ,सहयोग र रचनात्मक सुझाव सल्लाह को अपेक्षा लिएको छुँ ।

धन्यवाद

दिलिप सिंह बुढाथोकी
अध्यक्ष
ब्याँस गाउँपालिका

# ब्याँस गाउँपालिकाको
# आ.व.२०७८/०७९ को वार्षिक
# नीति तथा कार्यक्रम

दिलिप सिंह बुढाथोकी
ब्याँस गा.पा (अध्यक्ष)

**यस ब्याँस गाउँपालिकाकाको सम्मानित गाउँसभा समक्ष आ.ब २०७८/७९ को वार्षिक नीति तथ कार्यक्रम सार्वजनिक समारोहमा उपस्थित**

**ब्याँस गाउँपालिकाका उपाध्यक्ष ज्यु**

**गाउँसभा सदस्य ज्यूहरु**

सिङ्गो विश्व नै कोरोना महामारीबाट प्रताडित भईरहेको परिस्थितिमा हाम्रो देश समेत महामारीको प्रकोप बाट अछुतो रहन सकेन । विश्व महामारीले निम्त्याएको जटिल परिस्थितिका बीच यस ब्याँस गाउँपालिकाको आठौं गाउँ सभालाई सम्बोधन गर्दैछुँ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीय संरचना अनुरुप अहिले तिन तहका सरका रहेका छन् । जनताको घर दैलोको स्थानिय सरकार ब्याँस गाउँपालिकाको गाउँ सभामा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व नेपालको स्वाधिनता,सार्वभौम सत्ताको रक्षा,भौगोलिक अखण्डता र विभिन्न काल खण्डमा महत्वपुर्ण राजनीतिक परिवर्तनका खाँतिर गरिएका आन्दोलनम जीवन उत्सर्ग गर्ने महान ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछुँ र घाईते तथ वेपत्ता योद्धा प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै कोरोना महामारीको संक्रमणबाट ज्यान गुमाएक सम्पूर्णमा हार्दिक श्रदाञ्जली एवं संक्रमण संग जुधिरहेका सम्पुर्णको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ र कोरोना महामारीमा खटिएका सम्पूर्ण स्वास्थ्यकर्मीहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछुँ । कोरोन महामारीका कारण विश्वकै अर्थतन्त्र प्रभावित भईरहेको वर्तमान जटिल परिस्थितिमा भर्खरै वामे स गरिरहेको भौगोलिक विकटता भएको हाम्रो ब्याँस गाउँपालिका जस्तो सामरिक महत्व बोकेको गाउँपालिकाका लागि थप चुनौती र आर्थिक संकट सिर्जना हुने देखिन्छ । कोरोना महामारील निम्त्याएको संकटसंग सामना गरेर आम नागरिकको जीवन स्तर सुधार गर्दै तीब्र आर्थिक वृद्धिद हासिल गर्नुपर्ने प्रमुख लक्ष्य रहेको छ ।

त्रिदेशीय सिमा नाका बिस्व महाशक्तिको दौडमा उदाई रहेका विशाल अर्थतन्त्र भएका भारत चीन संग सिमाना जोडिएको,सामरिक महत्व बोकेको,हिन्दु धर्मको पवित्र धार्मिक तिर्थ कैलाश मान सरोवरको प्रवेश द्वार वहुप्रतिष्ठित ब्याँस ऋषिको तपोभुमि,अपि नाम्पा हिमाल,ब्याँस हिमाल,यर्सा पाट जस्ता हिमशृङ्खलाले सुशोभित,प्राकृतिक रुपमा जैविक विविधताले भरिपूर्ण ब्याँस गाउँपालिका देशक हिमाली जैविक विविधता भएको बहुमूल्य जडिबुटी र प्रचुर सम्भावना बोकेको गाउँपालिका हो । ब्याँस गाउँपालिकाको तीब्र आर्थिक बिकास,शिक्षित,नैतिकवान र सुस्कृत सभ्य समाज,सुदृढ अर्थतन्त्र,स्वाधीनत एवं भौगोलिक अखण्डता कायम गरी समृद्ध एवं आत्मनिर्भर ब्याँस गाउँपालिका बनाउने हाम्रो प्रमुख लक्ष्य रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान,राज्यका निर्देशक सिद्धान्त निती तथ दायित्व,मौलिक हक,मानव अधिकार विधिको शासन सुशासन संघीय सरकारको बार्षिक नीति तथ कार्यक्रम र बजेट, प्रदेश सरकारको बार्षिक नीति तथा कार्यक्रम र बजेट,पन्ध्रौ योजना,दिगो विकासक लक्ष्यहरु(२०३०),स्थानिय सरकार सञ्चालन ऐन २०७४ एवं जनताको सर्वोत्तम हितलाई मध्य नजर ग